भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः १०९, बैठक मितिः २०८२।०६।०५ गते आइतबार, विहान — ११ बजे)

| क्र. स. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | शोक व्यक्त गर्ने सम्बन्धमा । | मिति २०८२/०५/२३ र २४ गते भरतपुर महानगरपालिका सहित देशभर GEN-Z आन्दोलनको क्रममा भएको मृतक प्रति श्रद्धा सुमन व्यक्त गर्ने । साथै, आन्दोलनका क्रममा भएका घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने । |
| २. | ध्यानाकर्षण सम्बन्धमा । | मिति २०८२/०५/२३ र २४ गते भरतपुर महानगरपालिका सहित देशभर GEN-Z आन्दोलनको क्रममा अपूरणीय मानवीय तथा सार्वजनिक सम्पत्ति क्षति भएकोमा गहिरो दुख व्यक्त गर्दै यसको वस्तुपरक छानबिन तथा दोषी माथि हदै सम्मको कारवाही गर्न नेपाल सरकार लाई ध्यानाकर्षण गराउने। |
| ३. | पुनर्निर्माण तथा नवनिर्माण सम्बन्धमा । | भरतपुर महानगरपालिका तथा यस अन्तर्गतका कार्यालयहरुमा भएको क्षति पछिको पुननिर्माण तथा नवनिर्माणको लागि क्षति यकिन तथा सेवाप्रवाहको आवश्यक व्यवस्थापन के-कसरी गर्न सकिन्छ सोको अध्ययन गरी प्रतिवेदन पेश गर्न तपसिल अनुसार पुननिर्माण तथा नवनिर्माण कार्यदल गठन गर्ने ।<br><u>तपसिल</u><br>१. श्री चित्रसेन अधिकारी, उपप्रमुख — संयोजक<br>२. श्री मनोज रानाभाट, २ नं वडा अध्यक्ष — सदस्य<br>३. श्री विकास थापा, ३ नं वडा अध्यक्ष — सदस्य<br>४. श्री कृष्ण लाल श्रेष्ठ, ६ नं वडा अध्यक्ष — सदस्य<br>५. श्री जीवनाथ कँडेल, ८ नं वडा अध्यक्ष — सदस्य<br>६. श्री यमलाल कँडेल, ९ नं वडा अध्यक्ष — सदस्य<br>७. श्री प्रकाश दवाडी, १३ नं वडा अध्यक्ष — सदस्य<br>८. श्री राम बहादुर गोदार, २४ नं वडा अध्यक्ष — सदस्य<br>९. श्री सन्तोस आचार्य, भौतिक पूर्वाधार विकास महाशाखा प्रमुख — सदस्य सचिव |

| | | |
|---|---|---|
| ४. | योजना तथा कार्यक्रमहरुको पुन-प्राथमिकिकरण सम्बन्धमा । | हालै भरतपुर महानगरपालिका तथा यस अन्तर्गतका कार्यालयहरुमा भएको क्षतिको पुनर्निर्माण तथा नवनिर्माणको लागि आवश्यक बजेट व्यवस्थापन गर्न आ.व. २०८२/८३ को स्विकृत बजेटबाट योजना कटौति, रकमान्तर तथा स्रोतान्तर गरी योजना तथा कार्यक्रमहरुको पुनप्राथमिकिकरण गर्न तपसिल अनुसार योजना तथा कार्यक्रम पुनप्राथमिकरण कार्यदल गठन गर्ने ।<br>तपसिल<br>१. श्री लक्ष्मी प्रसाद पौडेल, प्रमुख प्रशासकीय अधिकृत — संयोजक<br>२. श्री राजेन्द्र मणि काफ्ले, ७ नं वडा अध्यक्ष — सदस्य<br>३. श्री लेख राज पन्त, १२ नं वडा अध्यक्ष — सदस्य<br>४. श्री राजेन्द्र साँखी, १४ नं वडा अध्यक्ष — सदस्य<br>५. श्री ज्ञान प्रसाद खनाल, २६ नं वडा अध्यक्ष — सदस्य<br>६. श्री अर्जुन लामिछाने, ब.ले.अ. — सदस्य सचिव |
| ५. | प्राविधिक मूल्याङ्कन सम्बन्धमा । | हालै भरतपुर महानगरपालिका तथा यस अन्तर्गतका कार्यालयहरुमा भएको क्षतिको प्राविधिक मूल्याङ्कन गरी क्षति भएका भवनहरु पुनप्रयोग हुन सक्ने वा नसक्ने, प्रबलिकरण गर्नुपर्ने वा नपर्ने के-कस्तो अवस्था छ यकिन गरी प्रतिवेदन पेश गर्न तपसिल अनुसार प्राविधिक मूल्याङ्कन कार्यदल गठन गर्ने ।<br>तपसिल<br>१. श्री सन्तोस आचार्य, भौतिक पूर्वाधार विकास महाशाखा प्रमुख — संयोजक<br>२. श्री घनश्याम मिश्र, ब.ई, - सदस्य<br>३. श्री सूर्य प्रकाश लामा, ई. — सदस्य<br>४. श्री ज्योति लम्साल, स्ट्र.ई. — सदस्य<br>५. श्री रवि थापामगर, स्ट्र.ई. — सदस्य सचिव |
| ६. | कार्यालय सञ्चालन तथा सेवा सूचारु सम्बन्धमा । | • हालै भएको आन्दोलनमा पूर्ण तथा आंशिक क्षति पुगेका वडा कार्यलयबाट सेवाप्रवाह अवरुद्ध भई जनगुनासो बढ्दै गएको हुँदा सेवा प्रवाहलाई सहजिकरण गर्न भौतिक संरचना |

| | | |
|---|---|---|
| | | तथा सामाग्रीहरुको व्यस्थापन गरी तत्कालको लागि सेवा सुचारु गर्न आवश्यक निर्माण तथा सामाग्री व्यस्थापनको लागि वडा कार्यालयले आफ्नो आ.व.२०८२/८३ को बजेट बाट रु ७ लाख सम्म खर्च गर्न पाउने गरी अख्तियारी प्रदान गर्ने ।<br>• ३ नं. वडा कार्यालय, ६ नं. वडा कार्यालय, ७ नं. वडा कार्यालय, १९ नं. वडा कार्यालय र २१ नं. वडा कार्यालय पूर्ण रुपमा स्थानान्तरण गरी सेवा सञ्चालन गर्नुपर्ने देखिएकोले, सोको लागी उपयुक्त भवनमा वडा कार्यालय सञ्चालन गर्न वडा अध्यक्षलाई निर्देशन सहित अधिकार प्रत्यायोजन गर्ने ।<br>• अन्य वडाहरुले तत्कालै आकस्मिक मर्मत संभार गरी कार्यालय सञ्चालन गर्ने । |
| ७. | नगर सभाको विशेष बैठक सम्बन्धमा । | हालै भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय सहित यस अन्तर्गतका कार्यालय भवन, कार्यालय सामाग्री तथा श्रेस्ताहरु नष्ट भएकोमा क्षतिको पुननिर्माण सहित नवनिर्माण गर्न, आ.व. २०८२/८३ को स्विकृत बजेट बाट योजना कटौति, रकमान्तर तथा स्रोतान्तर गरी योजना तथा कार्यक्रमहरुको पुनप्राथमिकिकरण गर्न अति आवश्यक देखिएको हुँदा मिति २०८२/०६/२४ गते भित्र भरतपुर महानगरपालिकाको विशेष नगर सभा आह्वाहन गर्ने । |
| ८. | आर्थिक सहयोग सम्बन्धमा । | हालै भएको आन्दोलनको क्रममा क्षतिग्रस्त मालपोत कार्यालय, चितवन को भौतिक पूर्वाधार निर्माण गरी सेवा सञ्चालन गर्न तत्कालको लागि रु १०,००,०००।— (अक्षरेपी दश लाख मात्र) आर्थिक सहयोग गर्ने । |